नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन, सुर्खेत

## प्राबिधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोल्ने सूचना

**प्रकाशित मितिः २०७८-१२-११**

यस सडक डिभिजनबाट मिति २०७८/०७/१७ गतेको हिमालय टाईम्स दैनिकमा प्रकाशित सूचना नं. ५/२०७८/७९ तथा www.bolpatra.gov.np/egp मार्फत आव्हान गरिएको ठेक्काको लागि म्याद भित्र दर्ता भएका बोलपत्रहरु खोलि प्राबिधिक प्रस्तावहरु मुल्यांकन गरिदा तपसिल अनुसारका बोलपत्रदाताहरुको प्राबिधिक प्रस्तावहरु सारभूत रुपमा प्रभावग्राही भई योग्यताको आधारमा सफल भएको हुँदा सार्बजनिक खरिद नियमावलीको नियम ३१ (ङ) को (४) र (५) अनुसार आर्थिक प्रस्ताव मिति २०७८/१२/१८ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | प्राबिधिक प्रस्ताव मुल्यांकनबाट छनौट भएका बोलपत्रदाताहरु |
|---|---|---|
| १ | RDSKT/33701122-4/078/79-52 | M/S YSS Nirman Sewa Pvt. Ltd |
| | | M/S Nepal Mega/GT/PS construction J/V, surkhet |
| | | M/S ANK/Jayadevi J/V, Banke, Nepalgunj. |
| | | M/S Mainachuli Nirman Sewa Pvt.Ltd, Jhapa, Damak. |

**डिभिजन प्रमुख**

# पहिलो अमेरिकी विदेशमन्त्री मेडेलिनको निधन

**एजेन्सी**
**न्यूयोर्क, १० चैत**

संयुक्त राज्य अमेरिकाको पहिलो महिला विदेशमन्त्री मेडेलिन अल्ब्राइटको निधन भएको छ । उहाँको ८४ वर्षको उमेरमा बुधबार निधन भएको हो । उहाँको क्यान्सरको कारण निधन भएको जनाइएको छ ।

अल्ब्राइटलाई सन् १९९६ मा अमेरिकाको शीर्ष कूटनीतिज्ञको रूपमा छनोट गरिएको थियो भने उहाँले संयुक्त राष्ट्र संघका लागि क्लिन्टनकी राजदूतरूपमा समेत कार्यसम्पादन गर्नुभएको थियो । सो समयमा देशको सर्वोच्च पदमा बस्ने उहाँ पहिलो महिला



थिइन् हुनुहुन्थ्यो । अमेरिकामा सर्वोच्च नागरिक सम्मानको रूपमा लिइने स्वतन्त्रताको पदकद्वारा उहाँलाई सन् २०१२ मा सम्मान गरिएको थियो ।

# 'ए मेरो हजुर ४'को ट्रेलर रिलिज

**हिमालय टाइम्स**
**काठमाडौं, १० चैत**

प्रतिक्षित नेपाली चलचित्र 'ए मेरो हजुर ४'को ट्रेलर रिलिज गरिएको छ । अनमोल केसी र सुहाना थापाको मुख्य भूमिका रहेको यो चलचित्रको काठमाडौंमा पत्रकार सम्मेलन गरी ट्रेलर सार्वजनिक गरियो ।

सुनिलकुमार थापाले निर्माण गरेको यो चलचित्रलाई झरना थापाले निर्देशन गर्नुभएको हो । हिट सिरिज 'ए मेरो हजुर'को यो चौथो शृंखला हो । आउँदो नयाँ वर्षको वैशाख १ गतेबाट प्रदर्शन हुने भनिएको यो चलचित्र प्रेमकथामा आधारित छ । चलचित्रमा सरोज खनाल, रवि गिरी र सलोन बस्नेतको पनि मुख्य भूमिका छ । अभिनेत्री सुहाना निर्देशक तथा कलाकार झरना थापाकी सुपुत्री हुनुहुन्छ ।

शिवपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शेराबगर, नुवाकोट, बागमती प्रदेश

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/१२/११**

यस शिवपुरी गाउँकार्यपालिकाको कार्यालय, शेराबगर, नुवाकोटबाट मिति २०७८/११/०३ गतेको हिमालय टाइम्समा तपसिल बमोजिको निर्माण कार्य सम्बन्धी शिलबन्दी बोलपत्र (E–Bid/हार्ड कपी) आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कामको विवरण | ठेक्का नं. | न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएको बोलपत्रदाता | कबोल अङ्क (मु.अ.कर बाहेक) रु. |
|---|---|---|---|---|
| 1. | Upgrading Of shivapuri Agricultural Ring Road Phase III (Ch:0+000 to 71+000) | SRM/NCB/WORKS/ 2078-79/13 | Shuvalaxmi Dragon Nirman Sewa pvt/ltd Bidur, Nuwakot | 1,06,22,679/- |

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

## सेवा करार सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८।१२।१०

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट ग्लोबल फण्डको कोभिड १९ प्रतिकार्य संरचना (C19RM) अन्तर्गत प्राप्त अतिरिक्त स्रोत भित्रको जनशक्ति नियुक्ति सम्बन्धमा कोभिड-१९ को बढ्दो महामारी संग यसको रोकथाम तथा नियन्त्रण र यस महामारीले HIV, TB / Malaria लगायतका रोगहरू संग सम्बन्धित आधारभुत स्वास्थ्य सेवामा पर्ने प्रभाव न्यूनिकरण तथा सेवा प्रवाह नियमित राख्न यस गण्डकी प्रदेशका निर्धारित स्थानहरूमा कामकाज गर्ने गरी हाललाई तिन महिनाको लागि तपशिल बमोजिमका सेवा/समूहका पदमा खुला प्रतिस्पर्धा विधि तथा कोभिड-१९ सम्बन्धि अस्थायी दरबन्दीमा चिकित्सक र स्वास्थ्यकर्मी छनौट सम्बन्धि मापदण्ड २०७८ अनुसार सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले सात दिन भित्र दरखास्त आव्हान गरिन्छ ।

तपशिलः

**नेपाल स्वास्थ्य सेवा**

| सि.नं. | सूचना/वि.नं. | पद | तह | सेवा समूह | पद संख्या | काम गर्ने स्थान | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | १/०७८-७९ | जनस्वास्थ्य निरिक्षक | सातौं | स्वास्थ्य/हे.ई. | ५ जना | लमजुङ, बेशिसहर न.पा. | जनस्वास्थ्य विषयमा स्नातक |
| | | | | | | नवलपरासी पूर्व, गैंडाकोट न.पा. | |
| | | | | | | स्याङजा, गल्याङ न.पा. | |
| | | | | | | नवलपरासी पूर्व, मध्यविन्दु न.पा. | |
| | | | | | | बाग्लुङ, बाग्लुङ न.पा. | |
| २ | २/०७८-७९ | हेल्थ असिस्टेन्ट | पाचौं | स्वास्थ्य/हे.ई. | ५ जना | नवलपरासी पूर्व, गैंडाकोट न.पा.-१ | सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह |
| | | | | | | नवलपरासी पूर्व, हुप्सेकोट गा.पा.-२ | |
| | | | | | | नवलपरासी पूर्व, मध्यविन्दु न.पा.-१२ | |
| | | | | | | स्याङजा, गल्याङ न.पा.-२ | |
| | | | | | | स्याङजा, गल्याङ न.पा.-१० | |
| ३ | ३/०७८-७९ | ल्याब असिस्टेन्ट | चौथौं | स्वास्थ्य/मे.ल्या.टे | ५ जना | नवलपरासी पूर्व, गैंडाकोट न.पा.-१ | ल्याब असिस्टेन्ट कोर्ष उत्तीर्ण |
| | | | | | | नवलपरासी पूर्व, हुप्सेकोट गा.पा.-२ | |
| | | | | | | नवलपरासी पूर्व, मध्यविन्दु न.पा.-१२ | |
| | | | | | | स्याङजा, गल्याङ न.पा.-२ | |
| | | | | | | स्याङजा, गल्याङ न.पा.-१० | |

**नोटः**

१. दरखास्त फाराम यस निर्देशनालयको वेबसाईट www.hd.gandaki.gov.np मा दिइएको फाराम डाउनलोड गरी भरेर यस निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

२. **दरखास्त फारामसँग संलग्न गर्नु पर्ने कागजातहरुः**
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो सहितको बायोडाटा, एस.एल.सी. र सो भन्दा माथिका शैक्षिक योग्यताको प्रमाण पत्रका प्रतिलिपिहरु, नवीकरण गरिएको सम्बन्धित काउन्सिलको प्रमाण-पत्रको प्रतिलिपि र सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभवको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।
- दरखास्त साथ पेश गरेको प्रमाणपत्रको प्रतिलिपिको किनारमा दरखास्तवालाले आफै प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
- दरखास्त दिने अन्तिम दिनभित्र निर्धारित शैक्षिक योग्यताको प्रमाणपत्र हासिल गरिसकेको हुनुपर्ने छ ।
- समकक्षता खुलाउनु पर्ने आवश्यक भएमा सो खुल्ने कागजपत्र समेत पेश गर्नुपर्नेछ । रित नपुगेको र शर्त सहितको आवेदन दर्ता गरिने छैन ।

३. **दरखास्त दस्तुरः** सातौं तहका लागि रु १०००/-, पाँचौ तहको लागि रु ५००/- र चौथो तहको लागि रु ४००/- दरखास्त दस्तुर बुझाउनु पर्नेछ । दरखास्त दस्तुर बुझाएको सक्कलै भौचर आवेदन फारमसाथ पेश गर्नु पर्नेछ ।
- **राजस्व खाता नं.**- १००००२०१०१०००४
- **कार्यालयको कोड नं.**- ३५५०२३९०१४
- **कार्यालयको नामः** स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
- **राजश्व शीर्षक नं.**- १४२२९ (परीक्षा शुल्क)
- **एकल कोष भएको बैकको नामः** राष्ट्रिय बाणिज्य बैक, पृथ्वीचोक, पोखरा ।

४. **उम्मेदवार हुनको लागि योग्यताः**
- नेपाली नागरिक हुनुपर्नेछ साथै स्थानीय जिल्लालाई प्राथमिकता दिइनेछ ।
- उमेरको हकमा प्रचलित स्वास्थ्य सेवा ऐन, नियमावली अनुसार (दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पुरा भएको र साथै महिलाको हकमा ४० वर्ष र पुरूषको हकमा ३५ वर्ष ननाघेको) हुनुपर्नेछ ।
- भ्रष्टाचार तथा फौजदारी अभियोग सम्बन्धि मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ ।
- भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी वर्खास्त नभएको हुनुपर्नेछ ।
- महिला, सिमान्तकृत तथा पिछडिएको समुदायलाई विशेष प्राथमिकता दिइनेछ ।

५. **तलबः** नेपाल सरकारको नियम अनुसार

६. **पदमा रही गर्नु पर्ने कामको विवरणः** सम्बन्धित सेवा समूहका सम्बन्धित पदको संलग्न कार्यविवरणमा उल्लेख भएको कार्यहरु गर्नुपर्नेछ ।

७. **परीक्षाको किसिमः** संक्षिप्त सूचि प्रकाशन र अन्तर्वार्ता

८. **परीक्षा केन्द्रः** स्वास्थ्य निर्देशनालय ।

९. **दरखास्त दिने अन्तिम मितिः** २०७८।१२।१६ गते बुधबार कार्यालय समयभित्र उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सम्म हुनेछ ।

१०. विस्तृत सूचना निर्देशनालयको सूचना पाटी वा निर्देशनालयको वेबसाइट www.hd.gandaki.gov.np मा समेत हेर्न सकिने छ ।

११. अन्य कुनै बिषयमा थप जानकारी आवश्यक भएमा यस कार्यालयको प्रशासन शाखाको फोन नं ०६१-५३५३९० मा सम्पर्क राख्न सकिनेछ ।

१२. अन्तर्वार्ताको मिति पछि तोकिनेछ ।

**पदपूर्ति तथा सिफारिस समिति**

खप्तडछान्ना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पसलबगर,बझाङ्ग
सुदुरपश्चिम प्रदेश नेपाल

## प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोलिने आशयको सूचना

**(सूचना प्रकाशित मिति :- २०७८/१२/११)**

यस गाउँपालिका अन्तर्गतको योजना (Contract IDM Construction of 10 Bedded Primary Hospital at Khaptadchhanna Rural Municipality IFB No: KCRM/HBCW/01/2078/079) निर्माण कार्यको लागि मिति २०७८/१०/१० मा हिमालय टाईम्स पत्रिकामा सुचना प्रकाशन भई बिधुतीय खरिद प्रणाली मार्फत पेश हुन आएका बोलपत्रहरुको प्राविधिक मुल्याङ्कन हुँदा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्रस्तावहरु सार्वजनिक खरिद नियमावली २०६४(दंशौ संशोधन) को नियम ३१ ङ(४) बमोजिम सारभुत रुपमा प्रभावग्राही बोलपत्र भएकाले मिति २०७८/१२/१८ गतेका दिन दिँउसो २ बजेको समयमा यस गाऊँपालिकाको कार्यालयमा उक्त बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोलिने हुँदा सोही नियमको उपनियम ५ बमोजिम सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । सम्बन्धित बोलपत्रदाताहरु उपस्थित नभएको कारणले आर्थिक प्रस्ताव खोल्न बाधा नपुग्ने समेत जानकारी गराइन्छ ।

| बोलपत्र नं. | कामको विवरण | सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताहरु |
|---|---|---|
| KCRM/HBCW/01/ 2078/079 | Construction of 10 Bedded Primary Hospital at Khaptadchhanna Rural Municipality | 1) BKOI – Surma Sarobar-Bajrangabali JV<br>2) Royal - P.S. JV |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## Madane Rural Municipality
### Office of Rural Municipal Executive
Purkotdaha, Gulmi

## Invitation for Online Bids

**Notice No: 23/078/79**

***Second Date of publication: 2022-03-25(2078/12/11)***

1. Madane Rural Municipality, Purkotdaha, Gulmi invites online bids Under E-Procurement system to the bidders for the Supply of following items Under Sealed Quotation Bidding procedure:

| S. N | Contract Identification Number | Description of Works | Bid Security amount Nrs | Estimated amount with VAT | Bid Security validity period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | OMDRM-GUL-G-SQ-03-078/79 | Procurement of Supply and Delivery of Different Pressure &Size PN Pipe | 28000 | 1118264.39 | 75 | 1,000 |
| 2 | OMDRM-GUL-W-SQ-13-078/79 | Construction of Mulpani Pokharachaura Malagiri Road | 24000 | 936907.52 | 75 | 1,000 |

2. Date of purchasing submission and opening of bids:

| Last date of submission of bid | Date of opening of bid | Employers bank account for purchasing of bid document |
|---|---|---|
| 2022-04-10 (2078-12-27) at 12:00 | 2022-04-10 (2078-12-27) at 13:00 | Agriculture Development Bank Limited. Purkotdaha, Gulmi Branch Account Name: MADANE GA.PA. A/C No: 0425401499748114 |

3. Eligible builders may obtain further information and inspect the bidding document at the office of Madane rural municipality at **www.madanemun.gov.np** or may visit PPMO website **www.bolpatra.gov.np/egp**.
4. Wholly or partially the right to accept or reject the bid document depends on the office of Madane rural Municipality.

CMYK